सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७

# निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरण मापदण्ड,२०७९

मन्त्रिस्तरबाट स्वीकृत मितिः २०७९।०९।०८

**प्रस्तावनाः-** सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन,२०७६ को दफा २७ मा व्यवस्था भए बमोजिम सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको तीन सय मिटर वरिपरी दुरी भित्रका निजी अस्पताल लगायतका स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरण गर्ने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन,२०७६ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो मापदण्ड तयार गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरण मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड मन्त्रिस्तरबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, -

(क) "सरकारी अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्थापना भई सरकारको स्वामित्वमा रहेका अस्पताल, पोलिक्लिनिक, क्लिनिक, नर्सिङ्ग होम, प्रयोगशाला र शिक्षण अस्पताल सम्झनु पर्छ।

(ख) "निजी अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्नका लागि निजी लगानीमा स्थापना भएका अस्पताल, पोलिक्लिनिक, नर्सिङ्ग होम र शिक्षण अस्पताल सम्झनु पर्छ।

(ग) "स्वास्थ्य सम्बन्धी व्यवसाय" भन्नाले अस्पताल, क्लिनिक र प्रयोगशाला सम्झनु पर्छ।

(घ) "सरकारी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सरकारको स्वामित्वमा रहेका अस्पताल, प्रयोगशाला,पोलिक्लिनिक, नर्सिङ्ग होम र शिक्षण अस्पताल सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०७६ सम्झनु पर्छ ।

(ज) "निर्देशनालय" भन्नाले स्वास्थ्य निर्देशनालय, सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

३. **निजी अस्पताल लगायतका स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरण गर्नुपर्नेः** (१) सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको तीन सय मिटरको वरिपरी दुरी भित्र रहेका निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, नर्सिङहोम, प्रयोगशाला लगायत स्वास्थ्य सम्बन्धी निजी व्यवसाय तोकिएको समयभित्र स्थानान्तरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण गर्नका लागि यस मापदण्डको अधिनमा रही सार्वजनिक सूचना प्रकाशन गरी निश्चित समय प्रदान गर्नेछ ।

४. **दुरी मापनको विन्दु र तथ्यांक संकलनः** (१) दुरी मापन गर्नका लागि सरकारी अस्पताल तथा सरकारी स्वास्थ्य संस्था परिसरको सिमानालाई प्रमुख आधारको रुपमा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको सिमाना र निजी अस्पताल बीचको सबैभन्दा सिधा र छोटो दुरी मापन गरिनेछ। दुरी मापनमा प्रचलित विधिको प्रयोग गरिनेछ । यसरी दुरी मापन गर्दा अन्य सम्बन्धित सरकारी निकायको सहायता लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम दुरी मापन गर्दा परिसरको सिमानाबाट तीनसय मिटरको दुरीभित्र पर्ने संरचनाहरु यस मापदण्ड बमोजिम स्थानान्तरणको सूचीमा कायम गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको सूचीभित्र परेका निजी अस्पताल, पोलिक्लिनिक, क्लिनिक, नर्सिङहोम, प्रयोगशाला लगायत स्वास्थ्य सम्बन्धी निजी व्यवसायको नाम नामेसी समेतको विवरण खुलाई निर्देशनालय वा निर्देशनालयले तोकेको निकायले तथ्यांक संकलन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम संकलन गरिएको तथ्यांकका आधारमा निर्देशनालयले स्थानान्तरण हुने निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसायको अभिलेख राख्नुपर्नेछ।

(६) यस दफा बमोजिमको विवरण संकलन गर्ने कार्यका लागि निर्देशनालय वा निर्देशनालयले तोकेको निकायले प्राविधिक जनशक्ति खटाउनेछ ।

५. <u>स्थानान्तरणको समयावधि र समयको गणनाः</u> (१) निर्देशनालयले सार्वजनिक सूचना प्रकाशन गरेको मितिले देहायको समयभित्र तीन सय मिटरको परिधिभित्र पर्ने निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी निजी व्यवसाय उक्त स्थानबाट हटाउनु पर्नेछ।

(क) घर भाडामा लिई व्यवसाय संचालन गरिरहेका निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसायहरु भए एक बर्षभित्र,

(ख) आफ्नै नाममा जग्गा जमिन भएको र सो जग्गामा भवन बनाई व्यवसाय संचालन गरिरहेका निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसायहरु भए पाँच बर्षभित्र,

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम आफ्नै जग्गामा घर वा संरचना निर्माण गरी व्यवसाय संचालन गरिरहेकाले देहाय बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछः

(क) घर वा संरचना रहेको जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि,

(ख) स्थानीय तहबाट पास गराएको घर वा संरचनाको नक्साको प्रतिलिपि,

(ग) घर वा संरचना निर्माणस्थलको रंगीन फोटो प्रिन्ट,

(घ) व्यवसाय संचालनको स्वीकृति पत्र,

(ङ) नक्सा प्रिन्टको प्रतिलिपि ।

(३) यस दफाको प्रयोजनका लागि समयको गणना गर्दा,स्थानान्तरणका लागि सार्वजनिक सूचना प्रकाशन भएको मितिदेखि समयको गणना गरिनेछ ।

६. <u>सार्वजनिक सूचना प्रकाशन, पत्राचार र अभिलेखः</u> (१) तथ्यांक संकलन गरिसकेपछि निर्देशनालयले निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरणका लागि सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाइट र सूचनापाटीमा प्रकाशन गर्नुका साथै स्थानीय पत्रपत्रिका र रेडियो एफएम मार्फत समेत ३५(पैतीस) दिनसम्म प्रकाशन वा प्रशारण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशनको लागि निर्देशनालयले प्रत्येक जिल्लास्थित स्वास्थ्य कार्यालयमा समेत पठाउनेछ र प्राप्त सूचनालाई स्वास्थ्य कार्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी,
२०७८

(४) सार्वजनिक सूचना प्रकाशन भएपछि स्थानान्तरणको सूचीमा रहेका निजी अस्पताल तथा स्वास्थ्य सम्बन्धी व्यवसायीले दफा ५(३) बमोजिमको समयावधिभित्र व्यवसाय स्थानान्तरण गरिसक्नु पर्नेछ ।

७. <u>दुरी मापन तथा तथ्यांक संकलनका लागि कर्मचारी खटाउने:</u> (१) यस मापदण्ड बमोजिम दुरी मापन तथा तथ्यांक संकलनका लागि निर्देशनालयले आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्न खटाएइका कर्मचारीले निर्देशनालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

८. <u>जरिवाना सम्बन्धी व्यवस्था:</u> यस मापदण्ड बमोजिम तोकिएको समयभित्र निजी अस्पताल वा स्वास्थ्य सम्बन्धी व्यवसाय स्थानान्तरण नगरेको भनी निर्देशनालयले मन्त्रालय समक्ष प्रतिवेदन पेश गरेमा मन्त्रालयले त्यस्तो व्यवसायीलाई रु. पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

९. <u>अनुमति पत्र खारेज गरिने:</u> दफा ८ बमोजिम जरिवाना गर्दा समेत स्थानान्तरण नभएमा निजको व्यवसाय संचालन अनुमति पत्र (लाइसेन्स) खारेजीको प्रकृया अगाडि बढाईनेछ ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस मापदण्डमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा जनस्वास्थ्य सेवा ऐन, २०७६ तथा प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>बाधा अड्काउ फुकाउ:</u> यो मापदण्ड कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउनेछ ।